नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

मिति:- २०७७/१०/२१

पत्र संख्या :-०७७/७८
च.नं. :-

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

नेपाल सरकारले बैंक तथा वित्तिय संस्थामा खाता खोल्न र ऋण लिन, चल अचल सम्पत्ति खरिद बिक्री गर्न, पेन्सन बुझ्न, सामाजिक सुरक्षा भत्ता लिन, शेयर खरिद बिक्री गर्न, लोकसेवाको फाराम भर्न, पासपोर्ट बनाउन तथा बत्ति, पानी र टेलिफोनको सेवा लिने जस्ता अति आवश्यक सेवामा राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्न लागेको । यसै सन्दर्भमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यका लागि मिति २०७७-१०-२० देखि १५ दिन सम्मका लागि हेटौडा उपमहानगरपालिकाको वडाहरूमा दर्ता स्टेशन स्थापना गरिएको हुँदा सम्बन्धित वडामा स्थायी/अस्थायीरूपले बसोबास गरिरहनु भएका नेपाली नागरिकता प्रमाणपत्र प्राप्त नागरिकहरूलाई आ-आफ्नो वडास्थित दर्ता स्टेशनमा गई राष्ट्रिय परिचयपत्रका लागि अनिवार्य विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ । साथै विवरण संकलनको यो अभियान अन्य स्थानीय तहका वडाहरूमा समेत क्रमशः सञ्चालन गरिने व्यहोरा जानकारी गराइन्छ ।

विवरण दर्ता कार्यका लागि आवश्यक कागज़ातहरू:-

- सक्कल नागरिकता प्रमाणपत्र,
- नागरिकता प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा सो स्पष्ट खुल्ने अन्य कागजात/प्रमाणपत्र वा जन्म मिति खुल्ने स्थानीय तहको सिफारिस,
- उपलब्ध भएसम्म बुबा/आमाको नागरिकता प्रमाणपत्रको छाँयाप्रति,
- विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र वा पति पत्नीको नाता खुल्ने सरकारी कागज,
- बसाई सरी आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल प्रति,
- राहदानी लिएको भए सो को सक्कल वा छाँयाप्रति ।

०७८/१०/२१
देव ... 
प्रशासकीय अधिकृत